प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१६
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३९३, ललितपुरमा ५८, चितवनमा ४५, मकवानपुरमा ३६, भक्तपुरमा ३०, दोलखामा ११, धादिङमा ११, काभ्रेपलान्चोकमा ८, नुवाकोटमा २, सिन्धुलीमा २, रामेछापमा २, रसुवामा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ६०० जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ।
- हेटौंडा-१५, मकवानपुर निवासी ५८ वर्षिय पुरुषको मिति २०७७ भाद्र १६ गते चितवन मेडिकल कलेज, भरतपुरमा निधन भएको छ । निमोनिया भई भाद्र १४ गते भर्ना भएका निजको भाद्र १५ गते कोभिड-१९ पुष्टी भएको थियो । काठमाण्डौ-३, बांसवारी पिपलवोट निवासी ७० वर्षिय पुरुषको मिति २०७७ भाद्र १६ गते शहिद गंगालाल राष्टिय मुटु केन्द्रमा निधन भएको छ । हृदयघात भई भाद्र ११ गते भर्ना भएका निजको भाद्र १२ गते स्वाव नमुना संकलन गरी परिक्षण गर्दा भाद्र १३ गते कोभिड-१९ पुष्टी भएको थियो (निज उच्च रक्तचाप तथा मधुमेहको समेत विरामी हुनुहुन्थ्यो) । काठमाण्डो घर भई केन्द्रीय कारागारका बन्धि ३५ वर्षिय पुरुषको मिति २०७७ भाद्र १५ गते मेघा अस्पताल, ललितपुरमा निधन भएको छ । क्षयरोग तथा मानसिक समस्या भएका निज भाद्र १२ गते मेघा अस्पतालमा भर्ना भई भाद्र १४ गते कोभिड-१९ पुष्टी भएको । उहाँहरुको निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको एक्काइस प्रतिशत (२०.८५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४०५२९ (१००%) | ८४५१ (१००%) |
| निको भएको | २२१७८ (५४.७%) | १३३६ (१५.८%)* |
| उपचाररत | १८११२ (४४.७%) | ७०५८ (८३.५%)* |
| मृत्यु भएको | २३९ (०.६%) | ५७ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१६ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१६ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा अहिले २११२ जना बस्दै आउनुभएको र १४४५ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा ३०५७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३१३९ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७००७३ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४* | १०८६० | १०५२८ | ३३२ | २६४६६ | ३९३ | ४९१९ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ५८ | ७४४ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ७६ | २३९६ | २३७६ | २० | ५३४२ | ३० | ५४६ |
| रसुवा | २७८ | ० | २३ | ३५ | ५ | ७२७ | ७१५ | १२ | ७५८ | १ | १९ |
| नुवाकोट | ११७७ | १६३६ | ६६ | ४० | १३ | ३२९२ | ३१०२ | १९० | ३४३२ | २ | ९१ |
| धादिङ | ३१५ | १० | २३ | ७२ | १७ | ३१३५ | २९९० | १४५ | २३२३ | ११ | २२७ |
| चितवन | २४६५ | ५१ | ५९३ | ३५५ | ४२८ | १८३८ | १८२३ | १५ | १२५६० | ४५ | ७८६ |
| सिन्धुली | ३९२ | २० | २ | ४३ | २५ | १२३० | ११९६ | ३४ | २४१५ | २ | ८९ |
| मकवानपुर | ४०७ | ७ | ० | २१७ | ४७ | १९३९ | १९१९ | २० | ५८०४ | ३६ | ५५५ |
| रामेछाप | ४९० | ६५ | ० | ११४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | २ | ७२ |
| दोलखा | ९८६ | ६४ | ० | २७ | १८ | १७४६ | १७३२ | १४ | १५७५ | ११ | ६२ |
| काभ्रेपलान्चोक | ९०९ | ८० | १२६ | २०९ | १४० | ३२८२ | ३२३२ | ५० | ३२३४ | ८ | २३५ |
| सिन्धुपाल्चोक | ७८९ | २९ | १०० | ५६ | ९ | १४५८ | १४४५ | १३ | ३१२० | ढ१ | १०६ |
| जम्मा | ९७३४ | २११२ | १४४५ | ३०५७ | ३१३९ | ३७४२५ | ३६५१७ | ९०८ | ७००७३ | ६०० | ८४५१ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडा स्थित प्रदेश प्रयोगशाला | २०४६७ | १०१ | २७५ | ३५जनाः मकवानपुर-३०, फलोअप-१ | २४० | |

धुलिखेल स्थित प्रदेश प्रयोगशालामा आज प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१६

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१६

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/
**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः** https://covid19.mohp.gov.np/#/
**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/
**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np
**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates
**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई